किस्पाङ गाउँपालिकाको दोश्रो गाउँसभाको प्रथम अधिवेशनमा अध्यक्ष श्री बिरवल तामाङले मिति २०७९।०३।१० मा प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७९/०८०

नीति तथा कार्यक्रम

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

आदरणीय गाउँसभाका सदस्यज्यूहरु,

१. नेपालको संविधान बमोजिम पहिलो पटक निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल पुरा भएपछि स्थानीय सरकारलाई पूर्णता दिनका लागि भएको स्थानीय सरकारको निर्वाचन, २०७९ पछि यस गरिमामय गाउँसभामा नवगठित स्थानीय सरकारको प्रमुखको हैसियतले पहिलो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा राष्ट्रियता, संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पक्षमा जीवन उत्सर्ग गर्ने ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै ऐतिहाँसिक जन आन्दोलनका बेपत्ता, घाइते, राजनीतिककर्मी र नागरिक अगुवाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न गर्दछु ।

३. विश्वब्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीका कारण ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवार प्रति हार्दिक समवेदना, विपदको घडीमा हातेमालो गरी स्वास्थ्य सामाग्री सहयोग गर्ने विभिन्न संघ, संस्था र व्यक्तित्वहरुप्रति पालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

४. नेपालको संविधान २०७२ को मर्म र भावना अनुसार संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यस गाउँपालिकाको दीर्घकालीन सोच "**सुसंस्कृत, समतामूलक र समृद्ध किस्पाङ**" भन्ने नारा अनुरुप जनताको आकांक्षा सम्बोधनको लागि यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

५. जनप्रतिनिधि, गाउँपालिकाका विषयगत समिति, राजनीतिक दलका नेतृत्व, विकास साँझेदार, निजी क्षेत्र, सामुदायिक संस्थाहरु, संचारकर्मी, नागरिक समाज तथा बुद्दिजीवी, युवा तथा किसानहरुको औपचारिक तथा अनौपचारिक सल्लाह, सुझाव र परामर्शहरुलाई समेटेर आर्थिक वर्ष २०७९।०८० को लागि यो नीति तथा कार्यक्रम तयार गरेको छु ।

६. आगामी आर्थिक वर्ष २०७९।०८० को नीतिमा "**समृद्ध नेपाल र सुखी नेपाली**"को राष्ट्रिय सोचका साथै यस किस्पाङ गाउँपालिकाको दीर्घकालीन सोच "**सुसंस्कृत, समतामूलक र समृद्ध किस्पाङ**" लाई हाँसिल गर्नु नै यस नीति तथा कार्यक्रमको मुख्य लक्ष्य रहेको छ ।

आदरणीय गाउँसभाका सदस्यज्यूहरु,

आर्थिक विकास

कृषि तथा पशुपन्छी विकास

७. पालिका भित्र रहेका किसानहरुको संख्या एकिन गरी उनीहरुले प्राप्त गर्ने अनुदान तथा अन्य सुविधाहरुमा पारदर्शिता कायम गर्न किसान सूचीकरण कार्यलाई यसै आ.व. मा सम्पन्न गरी किसान परिचय-पत्र उपलब्ध गराईने छ ।

८. कृषकहरुको लागि गुणस्तरीय वीउ विजन तथा विषादीहरुको सहज आपूर्तिको लागि **बिउ तथा विषादी बिक्रेताका इजाजत पत्र**को लागि सम्वन्धित निकायको समन्वयमा तालिमको व्यवस्था गरिने छ ।

९. कृषकहरुलाई प्राविधिक सेवाको पहुँच सरल र सहज बनाउन प्रत्येक वडामा प्राविधिक सेवा लाई निरन्तरता दिइने छ । वडा सेवा केन्द्र वाट नै अत्यावश्यक पशु औषधी , वाली विरुवाको लागि विषादी उपलब्ध गराइने छ । कृषकको टोल टोलमा नै पहुँच हुने गरी **पशु स्वास्थ्य घुम्ति शिविर** संचालन गरिनेछ ।

१०. कृषि र पशुपालनको उच्च सम्भावना भएकोले व्यवसायिक उत्पादन, बजार प्रबर्द्धन, किसान संरक्षण र प्रोत्साहन, तरकारी तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर र निर्यातमुखी बनाउने नीति अबलम्बन गरिनेछ । युवाहरुलाई लक्षित गरी चक्लावन्दी खेती लाई प्राथमिकता दिइने छ ।साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम संचालन गरिने छ ।

११. पालिका भित्र रहेको जमिन बाँझो राख्ने पद्धतिलाई निरुसाहित गर्ने उद्देश्यले **भूमि बैक**को स्थापना गरी व्यवसायिक खेती तर्फ उन्मुख गराईनेछ ।

१२. कृषि र पशु क्षेत्रको दीर्घकालीन विकासको लागि जीविकोपार्जनमा कार्यरत राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैह्र सरकारी संस्थासँग **लागत साँझेदारीमा** कार्यक्रम सञ्चालन गरिने छ ।

१३. स्थानीय तहमा कृषि/पशुपन्छी प्राविधिक विषय अध्ययन गर्न चाहने **उत्कृष्ट विद्यार्थीको लागि छात्रवृति**को व्यवस्था गरिने छ।

१४. कृषि तथा पशु विकासको लागि सूचना प्रचारप्रसार, तालिम, कृषक सिकाई भ्रमण, कृषि मेला प्रदर्शनीमा सहभागिता जस्ता कार्यक्रम संचालन गर्दै गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट कृषकहरुलाई सम्मान तथा पुरस्कृत गरिने नीति लिइने छ ।

१५. कृषि, पशु तथा जडिबुटी जन्य उत्पादनलाई बजारीकरण गर्न निजी तथा सहकारी संस्थाहरुसँग साँझेदारी गरी कृषि उत्पादनको मूल्य श्रृङ्खला सुदृढ गर्ने नीति अबलम्बन गरी बजार सुनिश्चित गर्न **ढुवानी व्यवस्थापनको लागि सवारी साधन खरिद अनुदान**को व्यवस्था मिलाईने छ ।

१६. सिंचाई सुविधा उपलब्ध नभएको क्षेत्रमा वर्षभरी नै सिंचाई गर्ने गरी आवश्यक पूर्वाधार निर्माणका साथै साना सिचाँईका कार्यक्रम संचालन गरिने छ ।

१७. पशुपालनको क्षेत्रमा दुध उत्पादन र बिक्रि गर्न प्रोत्साहन गर्ने उद्देश्यले पशु सुत्केरी भत्ता कार्यक्रमलाई निरन्तरता दिदैं दुध उत्पादन गरी संकलन केन्द्रमा बिक्रि गर्ने किसानलाई प्रोत्साहनको लागि दुध उत्पादन बिक्रिका आधारमा अनुदान दिने व्यवस्था गरिनेछ भने **कृत्रिम गर्भाधान दुध उत्पादनको आधार** लाई मूर्त रुप दिन नश्ल सुधारको कार्यक्रम संचालन गरिने छ ।

१८. कृषकको लगानीलाई आर्थिक जोखिमबाट सुरक्षित बनाउन र पशुधन संरक्षण गर्न **पशु तथा बाली बीमा**लाई प्रोत्साहन गर्दै कृषि तथा पशु रोग महामारी रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक खोप, औषधि तथा विषादि र आवश्यक जनशक्तिको व्यवस्थापन सहित पूर्व तयारीको व्यवस्था गरिने छ ।

१९. स्वदेशमा नै रोजगारी सृजना हुने गरी व्यवसायिक गाई तथा भैसीपालन, नमूना गोठ निर्माण, उन्नत पशु आहारा व्यवस्थापन, दाना प्रशोधन प्रविधि, हिउँदे तथा वर्षे घाँसको बिरुवा व्यवस्थापन गरी पशुको उत्पादकत्वमा बृद्धि गरिने छ ।

२०. सहकारी संस्थाहरुको सहकार्यमा कृषि तथा पशुजन्य उत्पादन बजारीकरणको कार्यक्रमहरु संचालन गरिने छ। साथै सहकारी संस्थाहरुको सुपरीवेक्षण र अनुगमन प्रभावकारी बनाई आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

२१. कृषि र पशुमा आत्मनिर्भर बनाउने कार्यक्रम अन्तर्गत ब्रोईलर कुखुरा तथा बंगुर पालन व्यवसाय गर्दा मानव बस्तीलाई वातावरणीय असर नपर्ने गरी बस्ती भन्दा निश्चित दुरीमा राखी व्यवसाय सञ्चालन गर्ने नीति लिईने छ।

लघु उद्यम तथा निजी क्षेत्रको विकास

२२. निजी क्षेत्रको विकासको लागि उद्योग बाणिज्य संघ, घरेलु तथा साना उद्योग संघ जस्ता संस्थागत संरचना पालिका स्तरमा स्थापना गर्न स्थानीय उद्यमी तथा व्यापारीसँग अन्तरक्रिया र

घरेलु तथा साना उद्योग संघ नुवाकोटसँग समन्वय गरिने छ। साथै उद्योग बाणिज्य संघ नुवाकोटको सहकार्यमा व्यवसाय दर्ता तथा नवीकरण कार्यमा सहज बनाउन व्यवसाय दर्ता तथा कर परामर्श शिविर संचालन गरिने छ ।

२३. स्थानीय कच्चा पदार्थ र स्रोतको उपयोग गर्दै दुग्धजन्य पदार्थ उत्पादन, बेकरी, चाउमिन, बाँसका सामग्री, राडीपाखी तथा मौलिक संस्कृतिसँग जोडिएका सामाग्रीहरुको लघु उद्यम व्यवसायलाई प्रवर्द्धन गर्न कोसेली घरको स्थापना गरिनेछ भने कृषक देखी कृषक सम्म कार्यक्रम संञ्चालन गरी हाट वजार संञ्चालन गरीने छ ।

२४. महिला, दलित, युवाहरुलाई लघु उद्यम व्यवसाय मार्फत रोजगारी सृजना गर्न लघु उद्यम सम्बन्धी सीपमूलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

२५. सहुलियतपूर्ण कर्जाको लागि गाउँपालिकाले वितीय संस्थाहहरुसंग आवश्यक समन्वय र सहकार्यको व्यवस्थापन गरिने छ ।

२६. उद्यमी तथा लघु उद्यमीहरुको तथ्याङ्क व्यवस्थापन गरी व्यवसाय प्रवर्द्धनको लागि उचित कार्यक्रम ल्याईने छ।

२७. **एक घर एक उद्यमीको व्यवस्था** गरी नविनतम प्रविधिको विकास र विस्तार गरिनेछ ।

२८. पर्यटकीय क्षेत्रको विकास र बिस्तारको लागि मनकामना, लुम्बु डाँडाँ देखि फिकुरी महादेव केवलकार, भाल्चे दुम्वाङ देखि साल्मे जिप लाइन तथा बन्जिजम्पिङ जस्ता पर्यकीय आकर्षणका कार्यक्रमहरु यसै वर्ष देखि आवश्यक पहल गरिनेछ ।

सामाजिक विकास

शिक्षा युवा तथा खेलकुद

२९. नेपाल सरकारको शिक्षा नीति, ऐन, नियम तथा मापदण्ड अनुसार विद्यालय समायोजन, नामाकरण, तह वृद्धि तथा घटुवा, शिक्षक दरबन्दी मिलान, सरुवा, करारमा शिक्षक व्यवस्थापनका कार्यहरु गरिने छ ।

३०. न्यून पारिश्रमिकमा सेवा उपलब्ध गराईरहेका **बाल शिक्षिकाहरुको सेवा सुविधामा वृद्धि** गरी उच्च मनोबलका साथ कार्य सम्पादन गर्न उत्प्रेरित गरिने छ।

३१. शिक्षकहरुको क्षमता विकासका लागि सूचना तथा संचार प्रविधि, तथ्याङ्क व्यवस्थापन र बजेट कार्यान्वयन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ र विद्यालयहरुलाई प्रविधिमैत्री, समतामूलक बालमैत्री वातावरणमा पठनपाठनको व्यवस्थापन गरिने छ ।

३२. सबै बालबालिकाको विद्यालय शिक्षामा पहुँच वृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम, विद्यालय भर्ना अभियान, दिवा खाजा कार्यक्रम, छात्राहरुलाई नि :शुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिदैं बिपन्न, अभिभावक बिहीन, अशक्त र प्रकोप पिडित बालबालिकालाई शिक्षा सामग्री निःशुल्क वितरण तथा लक्षित वर्गका विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।

३३. यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत बालबबालिकाहरुलाई स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त र स्वस्थकर दिवा खाजा खुवाउनका लागि **घरेलु उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम** (Home Grown School Feeding Approach) ढाँचा अपानाईने छ। दिवा खाजा कार्यक्रमको साप्ताहिक मेनु निर्धारण गरी विद्यालयहरुलाई उपलब्ध गराईने र सो बमोजिम कार्यान्वयन गराईनेछ ।

३४. विद्यालय परिसरमा अस्वस्थकर खाद्य सामाग्रीहरु अर्थात **पत्रु खाना (Junk Food) को प्रयोगलाई पूर्ण रुपमा निषेध** गर्दै दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि निजी क्षेत्र तथा स्थानीय सरकारी तथा गैर सरकारी संघ संस्था र अन्य निकायहरुसँग समन्वय र साँझेदारी गरिने छ।

३५. खेलकुदमा युवाहरुलाई आकर्षित गर्न **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता** गरिने छ ।

३६. **राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा समावेश हुने खेलाडीहरुको प्रोत्साहन**मा उचित व्यवस्था गरिने छ ।

३७. सरकारी सेवामा आवद्ध हुन चाहने विद्यार्थीको लागि **लोक सेवा तयारी कक्षा सञ्चालनको** व्यवस्था मिलाइने छ ।

३८. विद्यालयको गुणस्तर वृद्धि गर्न प्रत्येक विद्यालयमा मासिक न्युनतम एक पटक विद्यालय अवलोकन, सुपरीवेक्षण तथा अनुगमन गरिने व्यवस्था गरिनेछ।

३९. बाल क्लबहरु परिचालन गरी बालबालिकाको अतिरिक्त क्षमताहरुको पहिचान तथा विकास गर्ने, लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

४०. "**प्राविधिक तथा उत्पादनमूलक शिक्षा समृद्ध किस्पाङको ईच्छा**" भन्ने नारालाई मूर्त रुप दिन कृषि प्राविधिक शिक्षालाई निरन्तरता दिने र उत्पादनमुखी शिक्षालाई जोड दिने स्थानीय पाठ्यक्रम निर्माणमा जोड दिदैं प्राविधिक शिक्षालयमा स्वास्थय सहायक तथा फार्मेसी,जडिबुटि शिक्षा जस्ता विषयहरुको अध्ययन शुरु गरिनेछ।

४१. गाउँपालिकामा तहगत दरबन्दी शुन्य भएका सामुदायिक विद्यालयलाई तह अनुसारको शिक्षक व्यवस्थापन गर्न आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।साथै बाल विकास केन्द्र र विद्यालयको न्युनतम भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण गर्ने व्यवस्था गरिने छ।

स्वास्थ्य, खानेपानी तथा सरसफाई

४२. स्वास्थ्य शाखाको जनशक्ति पुनरावलोकन गरी थप गर्ने, भएको जनशक्तिको क्षमता विकास गर्ने, प्रतिवेदन प्रणाली सुधार गर्न सूचना प्रविधिको पहुँच स्वास्थ्य चौकीसम्म सुनिश्चित गर्ने व्यवस्था गरिने छ ।

४३. गाउँपालिका भित्र कम्तिमा एक जना **MBBS डाक्टर सहितको चिकित्सा सेवा** तत्काल सञ्चालन गर्न आवश्यक व्यवस्था गरिने छ ।

४४. **"आधारभूत स्वास्थ्य सेवा आफ्नै आँगनमा"** भन्ने मूल मन्त्र सहित स्वास्थ्य चौकीबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन सेवा, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीको लागि आवश्यक स्रोतको व्यवस्था गरिने छ ।

४५. लक्षित वर्ग महिला, बालबालिका, दलित, अपांग, जेष्ठ नागरिक आदि लाई आधारभू स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न संघीय तथा प्रदेश सरकार मातहतका निकायसँग समन्वय गरी महिलाको पाठेघर परीक्षण जाँच (Screening), जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण, नसर्ने रोग परीक्षण (Screening), गाउँ घर क्लिनिक आदि कार्यक्रम **स्वास्थ्य घुम्ति शिविर** मार्फत संचालन गरिनेछ ।

४६. **घरमा शुन्य सुत्केरी बनाउने अभियान** संचालन गरी गर्भवती महिलाको गर्भजाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी हुन प्रोत्साहनका लागि "**हातमा अण्डा घर घरमा झन्डा**" कार्यक्रम संचालन गर्दै गर्भवती महिलाको पोषण स्वास्थ्य सुरक्षाको लागि क्याल्सियम उपलब्ध गराईने छ।

४७. न्यून पोषण अवस्था भएको समुदाय तथा जोखिममा रहेकाहरुको पहिचान गरी बहु-क्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. महिला, बालबालिका तथा नवशिशुलाई लक्षित गरी नेपाल सरकारको प्राथमिकता प्राप्त राष्ट्रिय अभियानको रुपमा रहेका स्वास्थ्य सेवा कार्यक्रमहरु, राष्ट्रिय खोप कार्यक्रम, सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रम, पोषण कार्यक्रम, राष्ट्रिय क्षयरोग कार्यक्रम, स्वास्थ्य बीमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, परिवार नियोजन कार्यक्रम समेतलाई निरन्तरता दिदैं प्रभावकारी कार्यान्वयनका लागि महिला स्वास्थ्य स्वयंसेविका समेतलाई परिचालन गरिने छ ।

४९. काहुले स्वास्थ्य चौकीलाई १५ शैंयाको अस्पतालमा स्तरोन्नती गर्न आवश्यक पहल गरिएको छ । स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार ल्याव लगायतका सेवाहरु विस्तार गरिनेछ । किशोर किशोरीलाई लक्षित गरी किशोर किशोरी मैत्री स्वास्थ्य सेवा प्रदान गरिने छ ।

५०. विद्यालयमा बालबालिकालाई स्वास्थ्य सम्बन्धी ज्ञान, सिप र अवधारणा अभिवृद्धी गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम र प्राथमिक उपचारको व्यवस्था गर्न विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५१. गाउँपालिकाको गौरवको **हाङक्वाङ स्योङ खानेपानी आयोजना**लाई छिटो भन्दा छिटो जनताको घर घरमा पुर्याउन आवश्यक रकम विनियोजित गरिनेछ ।

५२. **सबैका लागि स्वच्छ खानेपानी** भन्ने अभियानका साथ स्वच्छ खानेपानीमा पहुँच वृद्धि गर्न खानेपानीको लागि "**एक घर एक धारा**"को राष्ट्रिय नीति लागू गरी प्रत्येक खानेपानी योजना दिगो रुपमा व्यवस्थापन गर्न मिटर जडान गर्नु पर्ने व्यवस्था गरिने छ । साथै पूर्ण सरसफाई अभियान कार्यक्रम संचालन गरिने छ।

५३. गाउँपालिकाको क्षेत्रभित्र संञ्चालित **खानेपानी आयोजनाहरुको पानीको गुणस्तर जाँच** वर्षमा कम्तिमा एक पटक गर्ने गराउने व्यवस्था मिलाइने छ ।पालिका भरी रहेका खानेपानीको मुहानको सर्भेक्षण गरी संरक्षण गरिने छ।

५४. विद्यालयमा अध्ययनरत किशोरीहरुलाई स्वच्छ र मर्यादित महिनावारीको लागि सबै विद्यालयमा निशुल्क स्यानिटरी प्याड उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

५५. गाउँपालिकाको मुख्य सार्वजनिक स्थलहरु, आइसोलेसन तथा स्वास्थ्य संस्थाहरुमा आवश्यक खानेपानी, सरसफाई तथा स्वच्छताको अवस्था सुदृढ गरिने छ ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण

५६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि अनुसार लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) गर्ने र कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ ।

५७. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु र स्थानीय सवालहरुमा गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको व्यवस्था गरिने छ ।

५८. सामाजिक न्याय सहितको विकास मूल प्रवाहमा **"कोही पछाडी नपरुन् कोही नछुटुन्"** भन्ने अभिप्रायका साथ लक्षित वर्ग र समुदायलाई सम्बोधन गर्न आवश्यकता अनुसार आयआर्जन, छात्रवृत्ति, सीपमुलक तालिम कार्यक्रमहरु संचालन गरिने छ ।

५९. विपन्न, दलित तथा महिला लक्षित कार्यक्रम अन्तर्गत रोजगारमूलक तालिम संचालन गरिनेछ साथै प्राविधिक तथा उच्च शिक्षा पढ्न छात्रवृत्तिको व्यवस्था गरिनेछ । मेडिकल विषयमा स्नातक तह (MBBS) अध्ययन गर्न चाहने जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिने छ ।

६०. नेपाल सरकारले अन्तराष्ट्रिय समुदायसँग गरेका प्रतिबद्धताहरु मानव अधिकार, महिला अधिकार, बाल अधिकार, जातीय विभेद सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरु, दिगो विकास लक्ष्यहरु स्थानीयकरण गरी लागु गरिने छ ।

६१. महिला, जनजाती, दलित, अपांग आदिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरु प्रभावकारी रुपमा संचालन गरी सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्ने अभिप्रेरित गरिने छ। गाउँपालिकामा महिला तथा बालबालिका ईकाइको क्षमता विकास गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई मूल प्रवाहिकरण गरिनेछ ।

६२. युवाहरुलाई लक्षित गरी खेलकुद, आयआर्जन तथा रोजगारीका कार्यक्रमहरु संचालन गर्दै बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीमा संलग्न गर्ने व्यवस्था गरिने छ ।

६३. बालबचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको लागि विद्यालय र समुदायमा आधारित बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ । बाल क्लबहरुको अभिलेख व्यवस्थापन गरी परिचालन गरिने छ । बाल विकासको लागि विद्यालय र पालिका स्तरीय

खेलकुद तथा अतिरिक्त क्रियाकलापका कार्यक्रम संचालन गरिनेछ। युवा क्लबहरुलाई सामाजिक, साँस्कृतिक, खेलकुद र विकासका कार्यक्रमहरुमा परिचालन गर्ने नीति अबलम्बन गरिने छ।

६४. नेपाल सरकारको सामाजिक सुरक्षाको नीति अनुरुप जेष्ठ नागरिक, एकल महिला, सामाजिक सुरक्षा भत्ताको राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिइने छ । सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रणाली मार्फत वितरणमा घर दैलो बैंकिङ सेवाको व्यवस्था मिलाईने छ ।

६५. विवाद निरुपण गर्न मेलमिलापकर्ताको सूचिकरण गरी वडा तहमै मेलमिलाप केन्द्रलाई क्रियाशील बनाउने र न्यायिक समितिको सबलिकरण गरी अझ बढी प्रभावकारी बनाईने छ ।

६६. धार्मिक तथा साँस्कृतिक क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइने छ ।

६७. पालिका भित्रका ईसाइ धर्मालम्बीहरुको शव व्यवस्थापन कार्यका लागि आवश्यक स्थानको व्यवस्था गर्नका लागि पहल गरिनेछ ।

भौतिक पूर्वाधार विकास

६८. भौतिक पूर्वाधार विकासको लागि उत्पादनमूलक योजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्ने नीति अबलम्बन गरिने छ ।

६९. **पूर्वाधार मर्मत तथा सम्भार कोष** नीति तर्जुमा गरी सबै वडाहरुमा वर्षायाममा समेत यातायात सेवा सुचारु गर्न सडक मर्मत सम्भारलाई उच्च प्राथमिकता दिईनेछ र सडक मर्मत र सम्भारको लागि **नियमित मर्मत सम्भार कर्ता** परिचालनलाई निरन्तरता दिईने छ ।

७०. भौतिक पूर्वाधार योजना निर्माण गर्दा बालमैत्री, महिलामैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री संरचना निर्माण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

७१. कोभिड १९ महामारीको कारण उत्पन्न बेरोजगारीको समस्यालाई सम्बोधन गर्न श्रममूलक योजनाहरुलाई प्राथमिकता दिई कार्यान्वयन गरिने छ ।

७२. दिगो विकास र सुरक्षाको लागि सडक मापदण्ड कार्यान्वयन गरी नक्सापास तथा डिजाईन स्वीकृत गर्ने कार्यलाई प्रचार प्रसार गरी प्रभावकारी बनाईने छ।

७३. पूर्वाधार शाखामा रहेका कर्मचारीहरुलाई Software Based र विभिन्न तालिम दिई पेशागत क्षमताको अभिवृद्धि गरिनेछ।

७४. पूर्वाधार तथा भवन नियमन शाखाको क्षमता वृद्धि गर्न आवश्यक न्यूनतम सामग्रीहरुको व्यवस्था गर्नुका साथै आवश्यकता अनुसार कर्मचारीको क्षमता विकासको लागि तालिम कार्यक्रमहरु संचालन गर्ने व्यवस्था गरिने छ ।

७५. भौतिक पूर्वाधारको गुणस्तर सुनिश्चित गर्न सुपरिवेक्षण तथा अनुगमन निर्देशिका अनुसार अनुगमन समितिलाई प्रभावकारी रुपमा परिचालन गरी अनुगमन गरिनेछ साथै अनुगमन समितिको मासिक बैठक बसी समीक्षा गर्ने र कार्यपालिकामा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाईने छ ।

७६. निर्माण व्यवसायी मार्फत कार्यान्वयन गरिने भौतिक पूर्वाधारका योजनाहरु पारदर्शिता सुनिश्चित गर्न विद्युतिय खरिद प्रक्रियालाई निरन्तरता दिईने छ ।

७७. पालिका भित्रका विभिन्न स्थानबाट रुट इजाजत लिई संचालन गरिएका सवारीसाधनहरुमा क्षमता भन्दा बढी यात्रु ओसार पसार गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।साथै पालिका केन्द्र देखि सबै वडाहरुमा आन्तरीक रुपमा भाडाका सवारी साधन चलाउने कार्यको प्रारम्भ गरिनेछ ।

७८. भौतिक पुर्वाधारको योजनाहरु कार्यान्वयन गर्नु पूर्व संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता अध्ययन प्रक्रिया पुरा गरी कार्यान्वयन गरिने छ ।

७९. पर्यटनको नवीनतम संरचना निर्माण तथा सम्भाव्य अध्ययनमा विशेष ध्यान दिईने छ ।

८०. पूर्वाधार विकासको योजनालाई दिगो रुपमा संचालन गर्न अन्तर जिल्ला नमुना गाउँपालिकाहरुको अध्ययन अवलोकन भ्रमण मार्फत जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गरिने छ।

८१. उपभोक्ता समितिहरुबाट संचालन हुने योजनाहरुमा जनश्रमदान परिचालन गरी प्रभावकारी कार्यान्वयन गरिने छ।

वन, वातावरण तथा विपद व्यवस्थापन

८२. वनजन्य उत्पादन बाँस, निगालो, काष्ठ सामाग्रीबाट घरेलु तथा साना उद्योग मार्फत रोजगार सिर्जना गर्ने नीति लिईएको छ । जडिबुटि नर्सरीको विकासमा जोड दिईने छ । किस्पाङ

क्षेत्रमा **संग्रहालय** निर्माणका साथै पार्क, चिडियाखाना र वनभोज स्थल निर्माण कार्यलाई विशेष जोड दिईने छ ।

८३. समुदायिक वन उपभोक्ता समितिलाई सशक्त बनाई वन संरक्षण तथा उपयोगलाई व्यवस्थित बनाई अबैध रुपमा हुने चोरी निकासी लाई न्युनिकरण गरिनेछ ।

८४. बर्षे खहरे खोलाको बाढीको कारण उत्पन्न मानवीय जोखिम न्यूनीकरण गरी आवतजावत सहजिकरण गर्न झोलुङ्गे पुल निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विकास साँझेदारहरुसँग सहकार्य गर्ने नीति लिईएको छ ।

८५. भौगोलिक रुपमा जोखिममा रहेको क्षेत्र साल्मे पहिरो, खुर्लुखोला वस्ती तथा सडक अन्तरगत पहिरो नियन्त्रणको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइ नियन्त्रणको लागि बायो-ईन्जिनियरिङका साथै उपयुक्त प्रविधिको प्रयोग गर्ने नीति लिईनेछ ।साथै बाढी पहिरोबाट हुने जोखिमलाई न्यूनीकरण गर्ने नीति लिईने छ ।

८६. गाउँपालिकाका मुख्य बजार केन्द्रहरुमा फोहोरमैला व्यवस्थापनको लागि फोहोर संकलन र व्यवस्थापनको व्यवस्था मिलाईने छ । वडा नं. ३ लाई प्लाष्टिक जन्य झोलारहित नमुना वडा बनाउन वडास्तरीय सरसफाई समितिलाई प्रभावकारी बनाई कार्यान्वयन गरिने छ ।

८७. विपद व्यवस्थापन स्थानीय नीति २०७७ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रतिकार्य योजना २०७७ कार्यान्वयन गरिनेछ। स्थानीय विपद जोखिम व्यवस्थापन समितिलाई सक्रिय बनाई जिल्ला विपद व्यवस्थापन समिति र विपद व्यवस्थापनमा कार्यरत साझेदार संस्थासँग आवश्यक समन्वय र सहकार्य गरी विपद प्रतिकार्य प्रणाली प्रभावकारी बनाउन पूर्व तयारीलाई जोड दिईने छ।

८८. **विपद व्यवस्थापन कोष** मार्फत विपद तथा जोखिमहरुबाट सृजित संकटहरुको सामना गर्ने र विपदमा परेकाहरुलाई तत्काल आवश्यक राहतको व्यवस्था गरिनेछ । प्रत्येक वडामा विपद व्यवथापन समितिलाई न्यनूतम उद्धार र राहत सामाग्रीहरुको व्यवस्था गरिने छ ।

८९. गाउँपालिकाको भौगर्भिक नक्साङ्कन तयार गरी जोखिम संवेदनशिल भू-उपयोग योजना तयार गरिने छ ।

सुशासन तथा संस्थागत विकास

९०. नागरीक बडापत्र अध्यावधिक, सूचना प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउने, गुनासो सुनुवाई सम्बोधन गरी अभिलेख राख्ने व्यवस्था गर्न सूचना अधिकारी तथा गुनासो सुनुवाई अधिकारीलाई प्रभावकारी बनाईने छ ।

९१. गाउँपालिकामा सूचना केन्द्र स्थापना गरी ऐन, नियम, निर्देशिका, कार्यविधि र नीतिगत अभिलेख तथा तथ्याङ्कलाई व्यवस्थापन गर्ने र प्रशासन, राजनीति, कला, साहित्य आदिका पुस्तकहरु व्यवस्था गरी अध्ययन केन्द्रको रुपमा विकास गरिने छ ।

९२. स्थानीय तहको संस्थागत स्वमूल्यांकन कार्य प्रतिवेदन अनुसार कार्ययोजना कार्यान्वयन गरी संस्थागत क्षमता विकास गर्ने र स्वमूल्याङ्कन नतिजामा उल्लेखनीय सुधार गर्ने व्यवस्था गरिने साथै विकास र प्रशासनलाई प्रभावकारी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्य सम्पादन सम्झौता गरिने छ।

९३. खरिद प्रणालीलाई व्यवस्थित गर्न खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गरिने छ ।

९४. विकास साँझेदार र गैरसरकारी संस्थासँगको सहकार्य, समन्वयलाई प्रभावकारी बनाउन चौमासिक समीक्षा गर्ने व्यवस्था गरिने छ र अनुगमन समितिबाट सुपरिवेक्षण र अनुगमन गर्ने व्यवस्था गरिने छ ।

९५. गाउँपालिकाको नीति अनुसार कार्य संञ्चालनको लागि आवश्यक ऐन, कानून, निर्देशिका, कार्यविधिहरुको आवश्यकता अनुसार निर्माण, संशोधन गर्ने कार्य गरिने छ ।

९६. गाउँपालिकाको समग्र विकासको लागि सरोकारवाला सवैको उपस्थितिमा योजना छनौट गरी **योजना बैक**को स्थापना गरिने छ ।

९७. गाउँपालिकाको अभिलेख व्यवस्थापनको लागि प्रत्येक शाखाहरुले चौमासिक/वार्षिक प्रगति समीक्षा गरी प्रतिवेदन तयार गर्ने र सार्वजनिक गर्ने व्यवस्था गरिने छ ।

९८. उत्तरदायी स्थानीय सरकार बनाउन सार्जनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम संचालन र सार्वजनिक परीक्षणलाई प्रभावकारी कार्यान्वयन गरिने छ।

९९. गाउँपालिकाको क्षमता बढाउन र विकासमा सहयोगको लागि अन्य गाउँ/नगरपालिका, स्वदेश तथा विदेशका निकायहरुसंग भगिनी सम्बन्ध स्थापना गर्ने नीति लिईने छ।

१००. गाउँपालिकाको वित्तीय प्रणाली, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने नीति कार्यान्वयन गरिने छ ।

१०१. प्रत्येक शाखाहरुको संस्थागत सुदृढिकरण, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यकताहरु पहिचान गर्दै क्षमता विकास योजना तयार गरी कार्यान्वयन गरिने छ ।

१०२. गाउँ कार्यपालिकाको कार्यालयवाट प्रवाह हुने सेवालाई जनताको घर आँगनमा पुर्याउन **एकीकृत घुम्ती शिविर** संचालन गरिने व्यवस्था मिलाइने छ ।

१०३. टोल, बस्ती तथा बजार क्षेत्रमा सामाजिक सदभावमा खलबल ल्याउने तत्व(चोरी, डकैती, झै-झगडा) लाई न्युनिकरण गर्न सि सि क्यामेराका साथै सुरक्षा गस्तीको व्यवस्था मिलाईने छ।

राजश्व नीति

१०४. राजश्व सुधारका कार्ययोजना कार्यान्वयन गर्दै राजश्व प्रशासन सुधार, राजश्व दायरा वृद्धि, राजश्व संकलन व्यवस्थापन प्रणालीको प्रयोग गरी आन्तरीक आयलाई वृद्धि गरी दिगो स्रोतको रुपमा विकास गरिने छ ।

१०५. स्थानीय सरकारको क्षेत्र भित्रका करको दायरा फराकिलो पार्दै राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गरिने छ ।

१०६. आम जनता र व्यवसायीलाई राजश्वको महत्वबारे जनचेतना वृद्धि गर्न कर शिक्षामा विशेष जोड दिईनेछ। गाउँपालिकालाई सबै भन्दा बढी कर तिर्ने करदाता व्यक्ति र व्यवसायिक संस्थालाई सम्मान गर्ने व्यवस्था गरिने छ ।

१०७. राजश्व सम्बन्धी कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्न तालिम लगायत क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ ।

१०८. पालिकाको क्षेत्रभित्र सञ्चालित क्रसर उद्योगलाई करको दायरामा ल्याउने कार्यलाई प्राथमिकता दिईनेछ।

१०९. स्थानीय स्तरमा उत्पादित अनाजहरु कोदो, मकै, चामल, आरु बखडा तथा नास्पतीबाट बनाईने स्थानीय ब्राण्डको गुणस्तरीय रक्सी उत्पादनलाई प्रोत्साहन गरिनेछ।

अन्तमा,

११०. आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम तयार गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने जनप्रतिनिधिहरु, राजनैतिक कर्मी, समाजसेवी, गाउँपालिकाका कर्मचारीहरुका साथै प्रत्यक्ष, अप्रत्यक्ष र रचनात्मक सहयोग गर्नुहुने शुभेच्छुकहरु प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

धन्यवाद !